# नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१

# विषय सूची


परिच्छेद-१ प्रारम्भिक 1

१. संक्षिप्त नाम र प्रारम्भ: 1

परिच्छेद - २ 2

नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन व्यवस्था 2

३. चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन गरिनने: 2

४. विवरण उपलब्ध गराउनुपर्ने: 2

५. सम्पर्क राख्नुपर्ने: 2

६. पदस्थापन सम्बन्धी व्यवस्था: 2

७. कार्यस्थलमा खटाउनुपर्ने: 3

८. सरकारी सेवाको अन्य निकायमा जान चाहनेले पूर्व सहमति लिनुपर्ने : 3

९. समितिको गठन: 4

१०. समितिको काम, कर्तव्य र अधिकार: 4

परिच्छेद – ३ 4

चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको कार्य विवरण, अधिकार र सुविधा सम्बन्धी व्यवस्था 4

११. चिकित्सकको काम, कर्तव्य र अधिकार : 4

१२. स्वास्थ्यकर्मीको काम कर्तव्य र अधिकार : 5

१३. नियुक्ति, तथा सुविधा सम्बन्धी व्यवस्था : 5

१४. कार्यक्रमको बजेट: 6

१५. कार्य विवरण तथा कार्यसम्पादन: 6

१६. सेवा अवधिको गणना : 6

१७. सरुवा : 6

१८.निर्देशन दिन सक्ने : 6

१९.दण्ड तथा सजाय: 6

२०.खारेजी तथा बचाउ : 7

अनुसूचि-१ 8

करार नियुक्तिको नमूना 8

अनुसूचि-२ 10

सुविधा 10


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१

नेपाल सरकारको सेवा गर्ने कबुलियत गरी छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई स्वास्थ्य सेवाको क्षेत्रमा परिचालन गरी स्वास्थ्य सेवालाई सुलभ, गुणस्तरीय एवं प्रभावकारी बनाउन आवश्यक भएकोले नेपाल सरकारले देहायको निर्देशिका बनाई लागु गरेकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय या प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा:-

(क) "ऐन" भन्नाले नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ सम्झनुपर्छ ।

(ग) "निर्देशिका" भन्नाले "नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१" सम्झनुपर्छ ।

(घ) "कार्यक्रम" भन्नाले नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन कार्यक्रम सम्झनुपर्छ ।

(ङ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित "नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन समन्वय समिति" लाई सम्झनुपर्छ ।

(च) "शिक्षण संस्था" भन्नाले चिकित्सा शास्त्र तथा अन्य स्वास्थ्यसँग सम्वन्धित विषयमा अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने संस्थान, प्रतिष्ठान, मेडिकल कलेज तथा जुनसुकै नामबाट सञ्चालित मान्यता प्राप्त स्नातक वा स्नातकोत्तर तहको स्वास्थ्यसँग सम्वन्धित जनशक्ति उत्पादन गर्ने शिक्षण संस्था सम्झनुपर्छ ।

(छ) "चिकित्सक" भन्नाले छात्रवृत्ति ऐन, २०२१ बमोजिम नेपाल सरकारसँग कबुलियत गरी एलोपेथिक, आयुर्वेद तथा होमियोपेथिक चिकित्सा सम्बन्धी विषयमा अध्ययन गरेका चिकित्सक सम्झनुपर्दछ ।

(ज) "स्वास्थ्यकर्मी" भन्नाले नेपाल सरकारसँग कबुलियत गरी नेपाल सरकारको छात्रवृत्तिमा स्वास्थ्यसँग सम्वन्धित बिषयमा कम्तिमा स्नातक वा स्नातकोत्तर तहको अध्ययन समाप्त गरेका व्यक्ति सम्झनुपर्दछ ।

(झ) "अस्पताल" भन्नाले सबै तहका सरकारी तथा प्रचलित कानुन बमोजिम स्थापना भएका स्वीकृति प्राप्त अस्पताल सम्झनुपर्छ ।

(ट) "काउन्सिल" भन्नाले प्रचलित कानुन बमोजिम स्थापना भएका सम्बन्धित काउन्सिल सम्झनुपर्छ ।

(ठ) "विभाग" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको स्वास्थ्य सेवा बिभागलाई सम्झनुपर्दछ ।

## परिच्छेद - २
## नेपाल सरकारबाट छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन व्यवस्था

३. **चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन गरिने:** (१) छात्रवृत्ति ऐन, २०२१ बमोजिम नेपाल सरकारसँग कबुलियत गरी छात्रवृतिमा अध्ययन गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले सरकारी स्वास्थ्य संस्थाहरुमा सेवा गर्नु पर्नेछ ।

(२) चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा गर्ने स्थान निर्देशिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस निर्देशिका बमोजिमको कार्य विभागले गर्नेछ ।

४. **विवरण उपलब्ध गराउनुपर्ने:** (१) चिकित्सा विज्ञानको क्षेत्रमा शिक्षा मन्त्रालय वा अन्य निकायबाट नेपाल सरकारलाई प्राप्त हुन आएको छात्रबृत्तिमा नेपाल सरकारसंग कबुलियत गरी अध्ययन गर्न गएको र अध्ययन पूरा गरेको व्यक्तिहरुको विवरण मनोनयन गर्ने निकायले अनिवार्य रुपमा विभाग र सम्वन्धित काउन्सिलमा उपलब्ध गराउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुन आएको बिवरणका आधारमा चिकित्सक वा स्वास्थ्यकर्मीको प्रक्षेपण र परिचालन गर्ने व्यवस्था विभागले गर्नेछ ।

५. **सम्पर्क राख्नुपर्ने:** (१) शिक्षा मन्त्रालय वा छात्रवृत्ति प्रदान गर्ने अन्य सरकारी निकायले छात्रवृत्तिमा अध्ययन गर्न पठाएका व्यक्तिहरुको नामावली अध्ययन शुरु भएको मितिले १५ दिनभित्र स्वास्थ्य सेवा विभागमा पठाउनु पर्नेछ । उक्त निकायले अध्ययन पुरा गरेका व्यक्तिहरुको नामावली अध्ययन सम्पन्न भएपश्चात् १५ दिनभित्र विभाग र सम्बन्धित काउन्सिलमा पठाउनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका छात्रवृत्तिमा अध्ययन गरेका व्यक्तिले सम्वन्धित काउन्सिलबाट अस्थायी/स्थायी दर्ताको प्रमाणपत्र प्राप्त गरेको मितिले सात दिन भित्र विभागमा सम्पर्क राख्नुपर्नेछ ।

६. **पदस्थापन सम्वन्धी व्यवस्था:** (१)छात्रवृत्ति अन्तर्गतका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई सम्बन्धित सेवा समुह तथा उपसमुह अन्तर्गत मिल्दो क्षेत्रमा काममा लगाउने गरी देहाय बमोजिम दरवन्दी कायम गरिनेछ:

(क) प्राथमिक स्वास्थ्य केन्द्रमा एक/एक जना

(ख) अस्पताल र जिल्लास्तरका अस्पतालमा दुई/दुई जना

(ग)उपक्षेत्रीय, क्षेत्रीय र केन्द्रीयस्तरका अस्पतालमा तीन/तीन जना

(२) उपदफा (१) बमोजिमको पदमा पदपूर्ति गर्दा प्राथमिक स्वास्थ्य केन्द्र र १५ शैय्याका अस्पतालमा पदपुर्ति भए पछि मात्र जिल्ला अस्पताल, जिल्ला जन/स्वास्थ्य कार्यालय लगायत अन्यत्र पदस्थापन गरिनेछ ।

(३) उपदफा (२) मा जुन सुकै लेखिएको भएतापनि स्वास्थ्यकर्मीको हकमा कामको प्रकृति अनुसार पदपुर्ति गर्न बाधा पर्ने छैन ।

(४) दफा ६(१) बमोजिम सिर्जना भएका पदमा छात्रवृत्ति अन्तर्गत भर्ना हुने करार बाहेक अन्य प्रकृयाबाट पद पुर्ति गर्न सकिने छैन ।

७. **कार्यस्थलमा खटाउनुपर्ने:** (१) दफा ५ बमोजिम सम्पर्क राखेका चिकित्सक तथा स्वास्थ्यकर्मीलाई समितिको सिफारिसमा न्यूनतम दुई वर्षदेखि अधिकतम पाँच वर्षका लागि करारमा नियुक्त गरी विभागले दफा ६ बमोजिम हुने गरी तोकिएको सरकारी स्वास्थ्य संस्थाहरुमा काम गर्न खटाउनेछ ।

(२) उपदफा (१) अनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको नियुक्ति नेपाल सरकारको नेपाल स्वास्थ्य सेवा ऐन तथा नेपाल स्वास्थ्य सेवा नियमावलीमा उल्लेख भए बमोजिमको सम्बन्धित सेवा, समुह वा उपसमुहको शुरु तहमा हुनेछ ।

(३) उपदफा (१) अनुसार नियुक्त भएका स्वास्थ्यकर्मीहरुलाई सम्बन्धित काउन्सिलको अस्थायी वा स्थायी दर्ताको प्रमाणपत्र पेश गरेपछि पदस्थापन गरिनेछ ।

(४) यस निर्देशिका बमोजिमको सम्पुर्ण कार्य विभागको महानिर्देशकले गर्नेछ ।

(५) यस निर्देशिका बमोजिम नियुक्त चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई तोकिएको स्थानमा खटाउनु अघि विभागले अभिमूखीकरण तालीम दिनेछ ।

(६) कार्यक्रममा खटिई उपदफा (१) बमोजिमको सेवा अवधि पूरा गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण विभागले शिक्षा मन्त्रालय, सम्बन्धित निकाय एवम सम्बन्धित काउन्सिलमा पठाउनु पर्नेछ ।

(७) स्नातकोत्तरमा छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीका हकमा स्तानतकोत्तर (पोष्टग्राजुएट) अध्ययन समाप्त गरी सम्बन्धित काउन्सिलबाट दर्ताको प्रमाण-पत्र प्राप्त गरेपछि सो सम्बन्धी सेवा भएका क्षेत्र, उपक्षेत्र, अञ्चल तथा जिल्ला अस्पतालहरुमा सम्भव भएसम्म विषयसँग सम्बन्धित इकाईमा कामकाज गर्ने गरी खटाईनेछ ।

(८) सम्बन्धित काउन्सिलबाट मान्यता प्राप्त गरेको संस्थाबाट Non Clinical वा अन्य बिषयको अध्ययन समाप्त गरेका स्नातकोत्तर(पोष्टग्राजुएट) चिकित्सक तथा स्वास्थ्यकर्मीको हकमा सरकारी अस्पताल बाहेक नेपाल सरकारको स्वामित्व रहेको अन्य संस्थामा पनि खटाउन सकिनेछ । यसरी खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीको नेपाल सरकारको स्केल बमोजिमको तलब लगायतका अन्य सबै सुबिधा सम्वन्धित संस्थाले ब्यहोर्नु पर्नेछ ।

(९) यस निर्देशिका बमोजिम कार्यक्रममा खटिएका चिकित्सकहरु र स्वास्थ्यकर्मीहरु सम्बन्धित कार्यालय प्रमुखको मातहत र सुपरिवेक्षणमा रहनेछन् ।

(१०) सम्बन्धित कार्यालयले वा अस्पतालले यस निर्देशिका बमोजिममा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मी सम्बन्धित स्थानमा हाजिर भएको जानकारी विभागमा पठाउनु पर्नेछ ।

८. <u>सरकारी सेवाको अन्य निकायमा जान चाहनेले पूर्व सहमति लिनुपर्ने :</u>

(१) दफा ७ बमोजिम खटिएको चिकित्सक वा स्वास्थ्यकर्मीले नेपाल सरकारको स्वास्थ्य सेवा वा नेपाल प्रहरी सेवा, सशस्त्र प्रहरी सेवा वा नेपाली सेनामा स्थायी नियुक्तिको लागि आवेदन दिंदा अनिवार्य रुपमा विभागको सहमती लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका निकायहरुमा स्थायी नियुक्ति भै कार्यरत रही निजले दफा ७ बमोजिम सेवा गर्नुपर्ने अवधी पूरा गरेमा यस निर्देशिका बमोजिम सेवा गरेको मानिनेछ ।

(३) दफा ७ अनुसार खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले तोकिएको सेवा अवधि पुरा गरेर जाँदा, सरुवा भएर जाँदा वा विभागबाट अन्यत्र सिफारिस गर्नुपर्दा Certificate of Good Standing अनिवार्य रुपमा

पेश गर्नुपर्ने छ । यस्तो सिफारिश आफूले काम गरेका संस्थाको सुपरिवेक्षकको सिफारिसका आधारमा मात्र विभागबाट उपलब्ध हुनेछ । Certificate of Good Standing को नमूना अनुसूची – २ बमोजिम हुनेछ ।

(५) छात्रवृत्ति ऐन अनुसार सम्झौतामा तोकिएको चिकित्सक वा स्वास्थ्यकर्मीको सेवा अवधि र सेवा शर्तलाई यस निर्देशिकाको कुनै पनि व्यवस्थाले बाधा परेको मानिने छैन ।

९. समितिको गठन:

(१) कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न देहाय बमोजिमका पदाधिकारीहरु रहेको "छात्रवृत्ति प्राप्त चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन समन्वय समिति" गठन गरिएकोछ ।

| | |
|---|---|
| (क) महानिर्देशक, स्वास्थ्य सेवा विभाग | - अध्यक्ष |
| (ख) सहसचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - सदस्य |
| (ग) प्रतिनिधि, शिक्षा मन्त्रालय | - सदस्य |
| (घ) प्रतिनिधि, सम्बन्धित काउन्सिलहरु | - सदस्य |
| (ङ) उपसचिव, (क.प्र.शाखा) स्वास्थ्य सेवा विभाग | -सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिले आवश्यकताअनुसार अन्य प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठकको कार्य विधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा भाग लिए बापतको बैठक भत्ता प्रचलित आर्थिक ऐन नियम बमोजिम हुनेछ ।

(६) समितिको लागि आवश्यक बजेटको व्यवस्था विभागले गर्ने छ ।

**१०. समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(१) चिकित्सक र स्वास्थ्यकर्मी प्रक्षेपण गरी स्वास्थ्य संस्थामा परिचालन गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने,

(२) चिकित्सक र स्वास्थ्यकर्मी व्यवस्थापन तथा परिचालन सम्बन्धमा विभिन्न निकायहरुसँग समन्वय गर्ने,

(३) छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीको अभिलेख राखी अध्ययन पश्चात् कबुलियत अनुसार काम गर्न सम्पर्कमा आए नआएको अभिलेख व्यवस्थापन गर्ने,

(४) करारमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीको कार्यसम्पादन, कार्यक्षेत्रमा उपस्थिति जस्ता विषयमा आकस्मिक वा नियमित अनुगमन गर्ने व्यवस्था गर्ने गराउने,

(५) चिकित्सक तथा स्वास्थ्यकर्मीको विवरण मन्त्रालयको प्रशासन महाशाखामा पठाउने ।

(६) आवश्यक पर्ने अन्य कार्य गर्ने ।

## परिच्छेद – ३
## चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको कार्य विवरण, अधिकार र सुविधा सम्बन्धी व्यवस्था

**११. चिकित्सकको काम, कर्तव्य र अधिकार :** (१) यस निर्देशिका बमोजिम कार्यक्रममा खटिएका चिकित्सकहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:–

(क) स्वास्थ्य संस्थामा आएका सेवाग्राहीहरुको स्वास्थ्य परीक्षण गरी आवश्यक उपचार गर्ने र उपचार प्रकृयामा आवश्यकता अनुसार अनुगमन गर्ने ,

(ख) बिरामीको उपचारका लागि विशेषज्ञ चिकित्सकको आवश्यक भएमा सम्बन्धित विशेषज्ञलाई बिवरण सहित सिफारिस गर्ने ,

(ग) स्वास्थ्य संस्थामा गरिएको उपचार सम्बन्धी सम्पूर्ण विवरण तत्सम्बन्धी ढाँचा बमोजिम अभिलेखन गर्ने,

(घ) उपचार सम्बन्धी बिवरणहरुको प्रतिबेदन पेश गर्ने सम्बन्धमा आवश्यक प्राविधिक सल्लाह सुझाव दिने,

(ङ) स्वास्थ्य संस्थामा उपचार गर्दा बिरामीको मृत्यु भएमा चिकित्सकले मृत्युको कारण र समय खोली आवश्यक कागजात तयार गर्ने र मृत्युको प्रमाण पत्र दिने,

(च) प्रचलित कानुन बमोजिम चिकित्सकले घा–जाँच तथा लाशजाँच गरी प्रतिबेदन तयार गर्ने,

(छ) स्वास्थ्य संस्थाका अन्य स्वास्थ्य कर्मीहरुसँग समेत समन्वय गरी उपचार कार्यमा पूर्ण सहयोग गर्ने,

(ज) सम्बन्धित काउन्सिलले निर्धारण गरे अनुसारको पेशागत मर्यादा कायम राख्दै उच्च मनोवल सहित सेवाग्राहीहरुको सेवा कार्यमा संलग्न रहने,

(झ) नेपाल सरकार तथा विभागले दिएको निर्देशनको गम्भीरतापूर्वक पालना गर्ने ।

(२) चिकित्सकलाई नियुक्ति दिंदा दफा ११को उपदफा (१)मा उल्लिखित व्यहोरा कार्य विवरणमा उल्लेख गरी उपलव्ध गराउनु पर्नेछ ।

१२. **<u>स्वास्थ्यकर्मीको काम कर्तव्य र अधिकार :</u>** यस निर्देशिका बमोजिम कार्यक्रममा खटिएका तथा स्वास्थ्यकर्मीहरुले काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) जुन पदमा नियुक्ति भएको हो सो पदका लागि तोकिएको कार्य विवरण अनुसारको काम गर्ने,

(ख) नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य नीतिको कार्यन्वयनमा दक्षता अनुसारको कार्य गरी सहयोग पुऱ्याउने,

(ग) स्वास्थ्य संस्थामा प्रदान गरिएको स्वास्थ्य सेवासँग सम्बन्धित सम्पूर्ण विवरण तत्सम्बन्धी ढाँचा बमोजिम अभिलेखन,प्रतिवेदन गर्ने,

(घ) स्वास्थ्यसँग सम्बन्धित वार्षिक योजना तर्जुमा, त्यसको कार्यान्वयन र मूल्यांकन कार्यमा सहयोग पुऱ्याउने,

(ङ) स्वास्थ्य संस्थाका अन्य स्वास्थ्य कर्मीहरुसँग समन्वय गरी स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुऱ्याउने,

(च) विभाग तथा खटाइएको सम्बन्धित संस्थाले तोके वमोजिमको कार्यविवरण अनुसारको कार्य सम्पादन गर्ने,

(छ) नेपाल सरकार तथा विभागले दिएको निर्देशनको गम्भीरतापूर्वक पालना गर्ने ।

१३. **<u>नियुक्ति, तथा सुविधा सम्बन्धी व्यवस्था :</u>** (१) यस निर्देशिका बमोजिम खटिने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई विभागबाट करारमा नियुक्ति गरिनेछ । सेवा शर्त सहितको नियुक्तिको ढाँचा तोकिए वमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त चिकित्सक वा स्वास्थ्यकर्मीहरुका लागि निजहरुको करार अवधी सम्मका लागि दफा ६ बमोजिमका निकायमा अस्थायी दरबन्दी सिर्जना हुनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त हुने चिकित्सक तथा स्वास्थ्यकर्मीले प्राप्त गर्ने सेवा सुविधा अनुसुची ३ बमोजिम हुनेछ।

१४. **कार्यक्रमको बजेट:** यस निर्देशिका बमोजिमको कामको लागि आवश्यक पर्ने बजेटको व्यवस्था स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गर्नेछ।

१५. **कार्य विवरण तथा कार्यसम्पादन:** (१) यस निर्देशिका बमोजिम कार्यक्रममा खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले आफूले गरेको मासिक कामको प्रगति विवरण प्रत्येक महिनाको सात गते भित्र अनिवार्य रुपमा आफ्नो सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ।

(२) चिकित्सक तथा स्वास्थ्यकर्मीहरुले तोकिएको ढाँचामा अर्द्धवार्षिक कार्यसम्पादन मूल्यांकन फारम भरी सुपरिवेक्षक समक्ष पेश गर्नु पर्नेछ। सुपरिवेक्षण गर्ने अधिकारीले १५ दिन भित्र सोको मूल्यांकन गरी विभागमा पठाउनु पर्नेछ। विभागले सो को समिक्षा गरी समिति समक्ष पेश गर्नु पर्नेछ। समितिले सो माथि आवश्यक छलफल गरी आवश्यक निर्देशन दिनेछ।

१६. **सेवा अवधिको गणना :** (१) यस निर्देशिका बमोजिम कुनै स्वास्थ्य संस्था तथा अस्पतालमा खटिएको स्वास्थ्यकर्मी तथा चिकित्सकले आफू खटिएको स्वास्थ्य संस्थामा हाजिर भएको मितिबाट सेवा अवधिको गणना गरिनेछ।

१७. **सरुवा :** (१) न्यूनतम एक वर्षसम्म तोकिएको स्थानमा कामकाज नगरीकन अन्यत्र सरुवा गरिने छैन। नेपाल स्वास्थ्य सेवा नियमावलीमा उल्लेखित क-१ तथा क-२ का अतिदुर्गम र ख-१ तथा ख-२ का दुर्गम क्षेत्रमा न्युनतम १ वर्ष सेवा गरेका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई बाँकी अवधिको लागि सुगम स्थानमा सरुवा गर्न प्राथमिकता दिइनेछ।

१८.**बाधा अड्काउ फुकाउने:** यस निर्देशिकामा समेत उल्लेख भएका बिषयमा द्विविधा वा बाधा अड्काउ पर्न गई थप व्याख्या गर्नु परेमा समितिको सिफारिशमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

१९. **निर्देशन दिन सक्ने :** यस निर्देशिका बमोजिमको काम कारवाही प्रभावकारी रुपले सम्पादन गर्ने सिलसिलामा मन्त्रालयले आवस्यक निर्देशन दिन सक्नेछ। सो निर्देशन कार्यान्वयन गर्नु विभागको कर्तव्य हुनेछ।

२०.**दण्ड तथा सजाय:** (१) यस निर्देशिका बमोजिम खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको कार्यसंपादन सन्तोषजनक नभएमा निजलाई सम्वन्धित सुपरिवेक्षकले दुई पटक सम्म सचेत गराउन सक्नेछ।

(२) यस निर्देशिकाको उलङ्घन गर्ने, सेवाको लागि सम्पर्कमा नआउने, खटाएको स्थानमा तोकिएको म्याद भित्र नजाने, विभाग र सुपरिवेक्षकले दिएको निर्देशन पालना नगर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई सम्वन्धित सुपरिवेक्षकको सिफारिसका आधारमा सम्वन्धित कार्यालय प्रमुखले तलब रोक्का गर्ने वा गयल कट्टी गर्न वा चेतावनी/नसिहत दिन सक्नेछ। यसरी सजाय दिएकोमा सो को जानकारी विभागलाई दिनु पर्नेछ।

(३) गयल कट्टी गरेकोमा निजले सो गयल भएको अवधीको थप काम गर्नु पर्नेछ।

(४) यस निर्देशिका बमोजिम खटिएका चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन सन्तोषजनक नभएमा निजलाई सम्वन्धित सुपरिवेक्षकले सचेत गराउँदा पनि निजको कार्यसम्पादनमा सुधार भएको नपाइएमा सोको आधार र कारण खोली कार्यालय प्रमुखले निजको करार रद्ध गर्न विभाग समक्ष सिफारिश गर्नेछ । यसरी सिफारिश गर्नु अघि निजलाई करार रद्द गर्न लागिएको विषयमा ७ दिनको सुचना दिई सफाइको मौका दिनु पर्नेछ ।

(४) उपदफा ४ बमोजिम करार रद्द गर्न सिफारिश भएकोमा विभागले त्यस्तो सिफारिश प्राप्त भएको ७ दिनभित्र निजको करार रद्ध गरी सेवाबाट हटाई निजलाई भुक्तानी गरेको छात्रवृत्ति ऐन अनुसार अध्ययनमा लागेको खर्च, निजले लिएको तलब र सुबिधा निजबाट सरकारी बाँकि सरह असुल उपर गर्नेछ ।

(५) विभागले चेतावनी एवं नसिहतको जानकारी शिक्षा मन्त्रालय तथा सम्बन्धित काउन्सिलमा दिई अभिलेखमा जनाइनेछ ।

२१. **<u>काम लगाउन सक्ने</u>:** चिकित्सा तथा स्वास्थ्यकर्मी परिचालन सम्बन्धी कामका लागि विभागले आफ्ना कर्मचारीलाई काममा लगाउन सक्नेछ ।

२२. **<u>खारेजी तथा बचाउ :</u>** (१) चिकित्सक परिचालन निर्देशिका , २०६२ खारेज गरिएकोछ ।

(२) चिकित्सक परिचालन निर्देशिका, २०६२ बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम गरेको मानिनेछ ।

## अनुसूचि-१
## करार नियुक्तिको नमूना

नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग यस पछि प्रथम पक्ष भनिने र ...... अंचल ... जिल्ला... .. गा वि स / न पा बस्ने श्री....... तथा श्रीमती ....... को छोरा/छोरी वर्ष .... को/की श्री/सुश्री/श्रीमती ................ (NMC NO..........) यस पछि दोस्रो पक्ष भनिने बीच नेपाल सरकारको छात्रवृत्तिमा अध्ययन गरे वापत छात्रवृत्ति ऐन बमोजिम अनिवार्य सरकारी सेवा गर्न चिकित्सा तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१ बमोजिम गरिएको करारनामा पत्र

(१) चिकित्सक तथा स्वासथ्यकर्मीहरुले चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१ बमोजिम अनिवार्य रुपमा गर्नु पर्ने सेवा अवधिका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा विचाराधीन मुद्दाको अन्तिम फैसला हुँदा सोही बमोजिम हुने गरी हाललाई नेपाल सरकारको छात्रबृत्तिमा चिकित्साशास्त्र/स्वास्थ्यसंग सम्बन्धित................विषयमा अध्ययन पूरा गरेका तपाई श्री/सुश्री/श्रीमतीलाई ................ तहको ............... पदमा ..... निकायमा न्युनतम २ वर्ष सेवा गर्ने गरी करारमा नियुक्ति गरिएको छ ।

(२) दोस्रो पक्षले ... जिल्लाको ........................... निकायमा रही सेवा गर्नु पर्नेछ ।

(३) दोस्रो पक्षले क तथा ख वर्गमा न्यूनतम १ वर्ष सेवा अवधी पुरा नगरी सुगम स्थानमा सरुवा हुन सक्ने छैन ।

(४) प्रथम पक्षले दोस्रो पक्षलाई निर्देशिकाको अनुसुची २ मा उल्लेख भए बमोजिमको सेवा सुविधा दिन मन्जुर गर्दछ । सो बाहेक प्रथम पक्षको अन्य थप दायित्व हुने छैन ।

(५) दोस्रो पक्ष यस करारनामामा उल्लेख भएका र चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१ मा उल्लेख भएका व्यवस्थाहरु अन्तर्गत रही सेवा गर्न तथा निर्देशिकाको व्यवस्था पालना गर्न मन्जुर गर्दछ ।

(६) दोस्रो पक्षले करार बमोजिम सेवा पुरा नगरेमा प्रथम पक्ष तपाईको सेवा अवधि प्रमाणित गर्न बाध्य हुने छैन ।

(७) निर्देशिकामा उल्लिखित विषयमा कुनै विवाद परेमा मन्त्रालयले गरेको निर्णय मान्न दुवै पक्ष सहमत भएका छौं ।

महानिर्देशक श्री ..................
प्रथम पक्ष

श्री..................
दोस्रो पक्ष

अनुसूचि २

**सेवा गरेको प्रमाण-पत्रको नमुना**

पत्र संख्या :डा. ........................

चलानी नं. :

मितिः.....................

बिषयः सेवा प्रमाणित सम्वन्धमा ।

श्री शिक्षा मन्त्रालय

श्री सम्बन्धित काउन्सिल

चिकित्सक तथा स्वास्थ्यकर्मी परिचालन निर्देशिका, २०७१ अनुरुप यस विभागको मिति ...................... को निर्णयानूसार नेपाल स्वास्थ्य सेवा, ...................समूह, ....................उपसमूह ............................... पदमा करारमा नियुक्ति भई निर्देशिकाको परिच्छेद २ को नियम ७(१) को प्रावधान अनुरुप कार्य गर्नु भएका ................................................ (काउन्सिल नं. .........) ले देहाय बमोजिमका स्वास्थ्य संस्थामा तपशिल बमोजिम कार्य गर्नु भएको व्यहोरा यस विभागको मिति ......................को निर्णयानुसार प्रमाणित गरीन्छ ।

| सि.नं. | काम गरेको स्वास्थ्य संस्था | काम गरेको अवधि | |
|---|---|---|---|
| | | देखि | सम्म |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

बोधार्थ

नाम ....................... ।

ठेगाना ....................... ।

...................

(.......................)

२१-१ ५५

## अनुसूचि-३
## छात्रवृत्ति अन्तर्गत करारमा सेवामा काम गर्नेको सुविधा

१. करारमा नियुक्त भएको चिकित्सा तथा स्वास्थ्यकर्मीले पाउने तलव स्केल नेपाल सरकारको सम्बन्धित सेवा तथा समुहको शुरु स्केल वरावर हुनेछ । सो पदले पाउने स्थानीय भत्ता लगायत अन्य भत्ता पाउनेछ ।
२. नियमानुसार चाडवाड खर्च पाइनेछ ।
३. बर्षभरीमा ३० दिन बिदा उपलव्ध हुनेछ । सो बिदा संचित हुने छैन ।
४. सरकारी कामकाजमा खटिएको अवस्थामा जुन पदमा नियुक्त भएको हो सो पदको नियम अनुसारको दैनिक तथा भ्रमण भत्ता पाउनेछ ।
५. उपदान, संचित बिदा वापतको रकम उपलव्ध हुने छैन ।